कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०९/२३ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | श्री सी क्याफटेरिया प्रा.लि, (B and B Hospital Canteen) ललितपुर, महानगरपालिका -१ | • सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• किचनमा डस्टबिन नछोपी राखेको<br>• लेबल नभएका बेकरीजन्य खाद्य पदार्थ भण्डारण तथा बिक्री वितरण गरिरहेको<br>• चाउमिन (३ के.जी.) अव्यवस्थित तरिकाले भण्डारण गरेको पाइयो। | • खुला सुकाएर राखिएको ३ केजी चाउमिन नष्ट गरिएको<br>• नियमित सरसफाइ गरी खाद्य स्वच्छता कायम गर्ने<br>• बासी उपभोग्य मिति समाप्त भएका कच्चा पदार्थ र खानेकुरा प्रयोग तथा बिक्री वितरण नगर्ने<br>• किचनमा डस्टबिन नियमित खाली गर्ने र छोपेर राख्ने<br>• खाद्य पदार्थमा उपभोग्य मिति सहितको लेबल लगाएर भण्डारण गर्ने निर्देशन दिएको। |
| २. | कोल्ड स्टोर अलि, काठमाडौं महानगरपालिका-१६ | • सरसफाइको अवस्था सामान्य रहेको<br>• उद्योगको झ्यालमा जाली नभएको<br>• किट नियन्त्रण (pest control) को लागि पर्याप्त व्यवस्था नभएको<br>• कोल्ड स्टोर को तापक्रम -१६°C र -२६°C रहेको | • नियमित सरसफाइ र खाद्य स्वच्छता कायम गर्ने<br>• किट नियन्त्रणको लागि उचित व्यवस्था मिलाउने<br>• कामदारको व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने<br>• झ्यालमा जाली लगाउने<br>• उत्पादित मासु जन्य पदार्थमा लेबल विवरण लगाएर मात्र बिक्री वितरण गर्ने निर्देशन दिएको । |
| अनुगमन गरिएको व्यवसायको कुल संख्याः २ वटा खाद्य व्यवसाय | | | |

Bharma

डा. बालकुमारी शर्मा
प्रवक्ता
२०८२/०९/२५

# अनुगमनका केही झलकहरू





